दर्ता नं. : ११८१५९/२०७०/०७१ इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/३९/०७१/७२

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

# Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

प.सं. ९६३/०७७/०७८ मिति : २०७७११२१०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा काठमाण्डौं ।

**विषय : छैठौं वार्षिक साधारण साभामा छलफल हुने विषयको जानकारी पेश गरिएको बारे ।**

महाशय,

उपरोक्त विषयका सम्बन्धमा, यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७७११२१०९ गते सोमवार साँझ ५:३० वजे बसेको १६१ औं बैठकले गरेको निर्णय अनुसार वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभामा छलफल हुने विषयहरु तहाँको जानकारीको लागि पेश गरिएको व्यहोरा अनुरोध छ ।

**१) सभा हुने मिति , समय र स्थान :**

मिति : २०७७ साल चैत्र महिना ३१ गते मंगलवार, तद्नुसार १३ अप्रिल , २०२१ ।
समय : विहान १०:३० बजे
स्थान : होटल पौवा, सि.न.पा.-६, चिल्ड्रेनपार्क, भैरहवा, रुपन्देही ।

**२) छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७६/०७७ को प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/०७७ को वासलात,नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७७/०७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक तोक्ने ।

४. संस्थापक शेयधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम, २०७७ आषाढ मसान्तसम्म कायम रहेको चुक्ता पूँजीको १७.८१०३८७२१ % (सत्र दशमलब आठ एक शुन्य तिन आठ सात दुई एक प्रतिशत) रु. २,६६,३३,०५६।३८ (अक्षरुपी दुई करोड छैसठ्ठी लाख तेत्तीस हजार छपन्न रुपैया अडतीस पैसा मात्र । ) बोनस शेयर स्वीकृत गर्ने ।

२. विशेष प्रस्तावको नं. १ बमोजिम बोनस शेयर बाँडफाँड पश्चात सर्वसाधारण शेयर स्वामित्व अनुपात ३० प्रतिशत कायम गर्न रकम रु. १,३७,२८,०००। (अक्षरेपी एक करोड सैत्तीस लाख अठ्ठाइस हजार मात्र)बराबरको पुनः सर्बसाधारणलाई धितोपत्रको थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) जारी गर्ने प्रस्ताव पारित गर्ने ।

केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका–१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२ ६ फ्याक्स नं. : ०७१–५२११२७

उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेडले सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको

३. विशेष प्रस्तावको नं. १ र २ बमोजिम बोनस शेयर बाँडफाँड पश्चात तथा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) जारी पश्चात, पूँजी बृद्धि गरी जारी तथा चुक्ता पूँजी रु.१८,९८,९७,७०६।३८ (अक्षरुपी अठार करोड अन्ठानब्बे लाख सन्तान्नबे हजार सात सय छ रुपैया अड्तीस पैसा मात्र । ), अधिकृत पूँजी रु. ३८,००,००,०००। (अक्षरुपी अडत्तीस करोड मात्र ।) कायम गर्ने र सोही अनुसार प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

४. वित्तीय संस्थाहरु एक आपसमा मर्जर पश्चात भएको एकीकृत कारोवार अनुमोदन गर्ने ।

५. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

६. भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/ प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/१२/१८ गते १ (एक) दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७/१२/१७ गते सम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन् ।

२. कोभिड–१९ को कारण हुन सक्ने संक्रमणको जोखिम र नेपाल सरकार स्वास्थ्य मंत्रालयले जारी गरेको निर्देशन समेतलाई मध्यनजर गर्दै वार्षिक साधारण सभामा भौतिक रुपमा बढीमा २५ जना शेयरधनी मात्र उपस्थित हुन सक्ने र बाँकी शेयरधनी महानुभावहरुलाई भिडियो कन्फ्रेन्सको माध्यमबाट सभामा भाग लिने गरि व्यवस्था मिलाईएको छ ।

३. वार्षिक साधारण सभामा सहभागी हुन ईच्छुक शेयरधनीहरुले भौतिक रुपमा उपस्थितिको हकमा मिति २०७७।१२।२९ गते आइतवार भित्र तथा भिडियो कन्फ्रेन्सको मार्फत उपस्थिति जनाउन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम तथा शेयरधनी नं. वा डिम्याट नं. यस संस्थाको टेलिफोन नं. ०७१–५२११२६ मा सम्पर्क गरि टिपाउनु हुन अनुरोध छ ।

४. भिडियो कन्फ्रेन्सको मार्फतबाट उपस्थित हुनको लागी यस संस्थाको वेबसाईट www.unnatislbs.com मा लिन्क राखिनेछ ।

५. सभा शुरु हुनु भन्दा १५ मिनेट अगाडि भिडियो कन्फ्रेन्स खुल्ला गरिनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

**उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.**

**Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

७. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका १२, रुपन्देहीबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ। उल्लेखित विवरण वित्तीय संस्थाको वेभसाइट ठेगाना www.unnatislb.com मार्फत हेर्न सक्नुहुनेछ। सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्र/निक्षेप सदस्यको बी.ओ.आई.डि. नम्बर, आफ्नो परिचय खुल्ने प्रमाण ( जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

८. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७७ साल चैत्र २९ गते विहानको १०.३० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका १२, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ।

९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी भिडियो कन्फ्रेन्स मार्फत उपस्थित भएमा दिइएको प्रोक्सी स्वतः वदर हुनेछ।

१०. एकै शेयरधनीले एक भन्दा वढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन।

११. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ।

१२. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ।

१३. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा समितीबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।

१४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुनेछ।

१५. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ।

१६. यस वित्तीय संस्थाको संचालक पदमा नियुक्त हुनका लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसारको न्यूनतम १०० कित्ता शेयर धारण गरेको हुनुपर्नेछ। संस्थापक शेयधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सम्पर्क कार्यालयमा प्रकाशित गरे बमोजिम हुनेछ।

१७. संचालक पदमा उम्मेदवार हुन योग्यता पुगेको ईच्छुक शेयर धनीले वित्तीय संस्थाको "निर्वाचन नियमावली २०७२." को अनुसूची ४ मा तोकिए बमोजिमको ढाँचामा स्वयंले दस्तखत गरि निर्वाचन तालिकामा तोकिएको मिति भित्र निर्वाचन अधिकृत समक्ष मनोयन पत्र दाखिला गर्नु पर्नेछ। मनोयन पत्र निर्वाचन अधिकृतको कार्यालय (वित्तीय संस्थाको केन्द्रीय कार्यालय सिद्धार्थनगर न.पा १२ ,भैरहवा) मा उपलब्ध हुनेछ।

दर्ता नं. : ११८१५९/२०७०/०७१

इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/३९/०७१/७२

उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

१८. कोभिड १९ को जोखिमबाट बच्न सभामा भाग लिने सम्पूर्ण शेयरधनी महानुभावहरुले सो सँग सम्बन्धित स्वास्थ्यका मापदण्डहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१९. अन्य जानकारीका लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिक १२, रुपन्देहीमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

भवदीय

प्रेम बहादुर पाठक

प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

प्रमुख कार्यकारी अधिकृत

केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका–१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२ ६ फ्याक्स नं. : ०७१–५२११२७

उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेडले सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको